लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

# प्रेस विज्ञप्ती - १६०
# Press Release-160

मितिः-२०७३/०२/१० गते

## अबैध लागु औषध अफिम तथा चरेश सहित ३ जना मानिस पक्राउ

(१) लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको बिषेश प्रहरी टोलीद्वारा मिति २०७३।०२।०६ गते १९:०० वजेको समयमा जि.मकवानपुर मनहरी गा.वि.स.वडा नं.३ घर वताउने वर्ष ५५ को ईन्द्र वहादुर कार्कीलाई अवैध ***लागु औषध अफिम १ (एक) किलो ग्राम*** सहित का.जि.का.म.न.पा.वडा नं.१४ बल्खुबाट पक्राउ गरिएको छ ।

निज पक्राउ परेका व्यक्ति ईन्द्र बहादुर कार्की धेरै वर्ष पहिले देखि मकवानपुर जिल्लाका नामटार, कालिकाटार, भार्ता, सरीखेत, काँगडा, रागसिराङ्ग गा.वि.स.हरुबाट अफिम, चरेस, गाँजा लगायतका लागु औषध कारोवारमा सक्रिय र यस ब्यूरोको निग्रानीमा रहेका मूख्य व्यक्ति समेत हुन् । निज ईन्द्र वहादुर काकी उक्त अवैध लागु औषध अफिम भारत तर्फ अवैधरुपमा बिक्रि-वितरण गर्ने योजना रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

निजबाट बरामद गरिएको अवैध लागु औषध अफिमको हालको बजार मूल्य १,५०,०००।- (एक लाख पचास हजार) हुन आउंछ ।

(२) मिति ०७३।०२।०६ गते १६:०० वजेको समयमा जिल्ला धादिङ्ग भूमेस्थान गा.वि.स.वडा नं.२ घर वताउने वर्ष ३३ को धन बहादुर तामाङ्ग र ऐ.ऐ.वस्ने वर्ष २५ को राहुल तामाङ्गलाई अवैध लागु औषध चरेस सुट्केस भित्र फल्स बटम बनाई लुकाई-छिपाई विदेश पठाउन भनि तयार गरिएको अवस्थामा ७ (सात) किलो ग्राम सहित का.जि.का.म.न.पा.वडा नं.१४ कलंकी मकालु पेट्रोल पम्प अगाडिबाट पक्राउ गरिएको छ ।

निज धन बहादुर तामाङ्गले धादिङ्ग स्थित आफ्नै घरमा लामो समय देखि फल्सबटम सहितका ब्यागहरु आफै तयार गर्ने र उक्त ब्यागहरुमा ५ देखि ७ किलो ग्राम सम्मको परिमाणमा लागु औषध चरेस लुकाउ-छिपाउ गरी काठमाडौं रहेका लागु औषध कारोबारीहरु मार्फत उक्त लागु औषध हङ्कङ्ग, थाईल्याण्डमा रहेका लागु औषध कारोवारीयाहरुलाई बिक्रि-बितरण गर्ने गरेको ।

साथै निज धन बहादुर तामाङ्गले काठमाडौको ठमेलबाट रु. ६०००।- मा एउटा ब्याग किन्ने र उक्त ब्यागमा ७ किलोग्राम चरेस लुकाउ छिपाउ (Concealment) गरी तयार गर्दा जम्मा रु.१,११,०००।- मा तयार गर्ने गरेको र सो ब्याग काठमाडौमा रहेका लागु औषध कारोबारी सम्म पुऱ्याउँदा निजले रु.१,५०,०००।- प्राप्त गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

उक्त बरामद लागु औषध चरेसको हालको अवैध बजार मूल्य रु. १,७५,०००।-(एक लाख पचहत्तर हजार) हुन आउंछ ।

●●●

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेलः ncbnepal@gmail.com


लागू औषध नियन्त्रण ब्यूरो
काठमाण्डौं


लागू औषध नियन्त्रण ब्यूरो
काठमाण्डौं






ईन्द्र बहादुर कार्की



धन बहादुर तामाङ्ग



राहुल तामाङ्ग





ब्यागमा चरेस लुकाउ छिपाउ (Concealment) गरी तयार पारीएको दृष्य ।